# नेपाल लेखापरीक्षणमान ७०६

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनमाहुने विषय अनुच्छेदहरु र विषय अनुच्छेदहरुमा जोड

(अन्तराष्ट्रिय गुणस्तर नियन्त्रणमान, लेखापरीक्षण पुनरावलोकन, अन्य आश्वस्तता
तथा सम्बद्व सेवाहरु घोषणाहरुको हाते पुस्तक सन् २०१०
अंगेजी संस्करणको अनुवाद)

## विषयसूची


| | **अनुच्छेद** |
|---|---|
| **परिचय** | |
| यस नेलेपमाको क्षेत्र ........ | १-२ |
| लागू हुने मिति ........ | ३ |
| उद्देश्य ........ | ४ |
| परिभाषा ........ | ५ |
| आवश्यकता ........ | ६-७ |
| लेखापरीक्षकको प्रतिवेदनमा विषय अनुच्छेदहरुमाजोड ........ | ८ |
| लेखापरिक्षकको प्रतिवेदनका विषय कार्यान्वयन गर्ने व्यक्तिसंगको कुराकानी ........ | ९ |
| कार्यान्वयन तथा व्याख्यात्मक टिप्पणीहरु लेखापरीक्षकको प्रतिवेदनमा विषय अनुच्छेद ........ | क१-क४ |
| लेखापरीक्षको प्रतिवेदनमा अन्य विषय अनुच्छेदहरु ........ | क५-क११ |
| कार्यसंचालनको अभिभारा प्राप्त व्यक्तिसंगको कुराकानी ........ | क१२ |
| **अनुसूचीः १ विषय अनुच्छेदको लागि लेखापरीक्षणमानहरुले समावेश गरेका आवश्यकताहरुको सूची ।** | |

**अनुसूची-२: अन्य विषय अनुच्छेदहरुको लागि लेखापरीक्षणमानहरुले समावेश गरेका आवश्यकताहरुको सूची ।**

**अनुसूची ३ : लेखापरीक्षकको प्रतिवेदनमा समावेश हुने विषय अनुच्छेदहरुको उदाहरणहरु ।**

नेपाल लेखापरीक्षणमानहरु ७०६, "स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनमा हुने विषय अनुच्छेदहरु र अन्य विषय अनुच्छेदहरुमाजोड"लाई ने.ले.प.मा "स्वतन्त्र लेखापरीक्षकको समग्र उद्देश्यहरु र नेपाल लेखापरीक्षणमानहरुको अनुसार लेखापरीक्षणको आचरण" संगको संयोजनमा अध्ययनगर्नु पर्ने हुन्छ ।

## परिचय

### यस नेपाल लेखापरीणमानको क्षेत्र

१. यस नेपाल लेखापरीक्षणमानले लेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनमा हुने अतिरिक्त संवादको आवश्यकता महसुस गर्दा अपनाउनु पर्ने विषयवस्तुहरु समावेश गरेको छ :

(क) वित्तीय विवरणहरुमा खुलासा गरिएको विषय वा प्रस्तुत गरिएको विषयमा प्रयोगकर्ताको ध्यानाकर्षण गर्नु वित्तीय विवरणहरु बुझ्नकोलागि प्रयोगकर्ताहरुलाई आधारभुत महत्वका हुन्छन् ।

(ख) वित्तीय विवरणहरुको कुनै विषय वा प्रस्तुत भए वाहेकका अन्य विषयहरु वा खुलासा भएका विषयवस्तुहरुमा प्रयोगकर्ताको ध्यानाकर्षण गर्नु, जुन लेखापरीक्षण वा लेखापरीक्षकको उत्तरदायीत्व वा लेखापरीक्षको प्रतिवेदन बुझ्न प्रयोगकर्तालाई सान्दर्भिक हुन्छ ।

२. अनुसूचीहरु १ र २ ले लेखापरीक्षको प्रतिवेदनमा हुने विषय अनुच्छेदहरु वा अन्य विषय अनुच्छेदहरुलाई जोड दिनकोलागि लेखाङ्कनका आवश्यकताहरु समावेश गर्ने लेखापरीक्षणमानलाई पहिचान गर्दछ । त्यस्ता परिस्थितिहरुमा, अनुच्छेदहरुकोलागि यस लेखापरीक्षणको आवश्यकताहरु लागू हुन्छ ।

### लागु हुने मिती

३. यो ने.ले.प.मा. नेपाल चार्टर्ड एकान्टेन्ट्स संस्थाबाट अंग्रेजी संस्करण लागु भए अनुसार सोही मिति देखि यो ने.ले.प.मा. कार्यन्वयन हुनेछ ।

### उद्देश्य

४. लेखापरीक्षकको उद्देश्य वित्तीय विवरणहरुमा राय निर्धारण गर्दा लेखापरीक्षकले लेखापरीक्षणको प्रतिवेदनमा अतिरिक्त संवादको माध्यमबाट प्रयोगकर्ताको ध्यानाकर्षण गर्नु हो । जव लेखापरीक्षकले यसो गर्नु आवश्यक छ भनी निर्णय लिन्छ जुन:

(क) वित्तीय विवरणहरु उपयुक्त रुपमा प्रस्तुत वा खुलासा (Presented or Disclosed) गरिएता पनि त्यस्ता थप विषयहरु पनि महत्वपूर्ण हुन्छन्, जुन वित्तीय विवरणहरु बुझ्नकोलागि प्रयोगकर्तालाई आवश्यक हुन्छन् ।

(ख) अन्य उपयुक्त विषयहरु जुन लेखापरीक्षण वा लेखापरीक्षकको प्रतिवेदन बुझ्नको लागि प्रयोगकर्तालाई सान्दर्भिक हुन्छ ।

## परिभाषा

५. नेपाल लेखापरीक्षणमानकोलागि निम्न शब्दावलीको अर्थ तल दिए अनुसार छ :-

(क) विषय अनुच्छेदमा जोड : लेखापरीक्षकको प्रतिवेदनमा समावेश गरिएका अनुच्छेद जसले वित्तीय विवरणहरुमा उपयुक्त रुपमा प्रस्तुत गरिएको वा खुलासा गरिएको विषयको प्रतिनिधित्व गर्दछ । जुन लेखापरीक्षकको निर्णयमा वित्तीय विवरणहरु बुझ्नको लागि प्रयोगकर्तालाई अधारभुत हुन्छ ।

(ख) अन्य अनुच्छेद : लेखापरीक्षको प्रतिवेदनमा समावेश गरिएका अनुच्छेद जसले वित्तीय विवरणमा विवरण वा खुलासा गरिएका समाग्रीहरु वाहेकका अन्य विषयहरुको प्रतिनिधित्व गर्दछ । जुन लेखापरीक्षकको निर्णयमा प्रयोगकर्तालाई लेखापरीक्षण, लेखापरीक्षकको उत्तरदायित्व वा लेखापरीक्षकको प्रतिवेदन बुझ्नको लागि सान्दर्भिक हुन्छ ।

## आवश्यकता

## लेखापरीक्षकको प्रतिवेदनमा विषय अनुच्छेदको जोड

६. लेखापरीक्षकको दृष्टिकोणमा प्रयोगकर्तालाई वित्तीय विवरणहरु बुझ्नको लागि आधारभुत हुने वा महत्वपूर्ण हुने विषयहरु यदि लेखापरिक्षकले प्रयोगकर्ताको ध्यान आकर्षण गर्न आवश्यक हुने कुरामा विचार गरेमा, लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा विषय अनुच्छेदहरुको जोड (Emphasis of Matter paragraph) दिन सक्छन्, जसले

लेखापरीक्षकले विभिन्न विवरणहरुमा तथ्यगत गलत विवरणहरु छैनन् भन्ने जनाउन उपयुक्त र पर्याप्त लेखापरीक्षण प्रमाणहरु लेखापरिक्षकले प्रयोग गरेका छन् भन्ने कुरा देखाउँछ । त्यस्ता अनुच्छेदहरुले वित्तीय विवरणहरुमा उल्लेख वा खुलासा गरिएका सूचनामा प्रतिनिधित्व गर्दछ । (सन्दर्भ अनुच्छेद क१-क२)

७. लेखापरिक्षकको प्रतिवेदनमा जव लेखापरीक्षकले विषय अनुच्छेदहरु (Matter paragraph) को जोडलाई समावेश गर्छन, तव लेखापरीक्षकले,

(क) लेखापरीक्षकको प्रतिवेदनमा राय अनुच्छेद समावेश गर्नेछन् ।

(ख) जोड दिएका समाग्रीहरु वा अन्य उपयुक्त शिर्षकको प्रयोग गर्नेछन् ।

(ग) जोडिएको विषय अनुच्छेदको स्पष्ट श्रोत समावेश गर्नेछन् र वित्तीय विवरणहरुमा त्यस्ता सान्दर्भिक विषयहरुको खुलासाको व्याख्या गर्नेछन र

(घ) जोड दिएको विषयको सन्दर्भमा लेखापरीक्षकको रायमा कुनै परिवर्तन नभएको कुरालाई संकेत गर्नेछन् । (सन्दर्भः अनुच्छेद क३-क४)

## लेखापरीक्षकको प्रतिवेदनमा अन्य विषय अनुच्छेदहरु

८. लेखापरीक्षकको निर्णयमा प्रयोगकर्तालाई लेखापरीक्षण बुझ्नलाई सान्दर्भिक हुने विषयहरु यदि लेखापरीक्षकले वित्तीय विवरणहरुमा देखाइएको वा खुलासा गरिएको समाग्री भन्दा बाहिरको विषयमा छलफल गर्न आवश्यक छ भनी विचार गरेमा, (लेखापरीक्षकको उत्तरदायीत्व वा लेखापरीक्षकको प्रतिवेदन र यिनीहरुलाई कुनै कानून र नियमले निषेधीत नगरेको कुरा) लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा त्यस्तै अनुच्छेदहरु अन्य विषय वा अन्य उपयुक्त शिर्षकको साथमा त्यस्ता विषयवस्तुको समावेश गर्न सक्नेछ । लेखापरीक्षकले त्यस्ता अनुच्छेदलाई राय अनुच्छेद लगत्तै र सो विषयवस्तुलाई अन्तिममा वा

लेखापरीक्षकको प्रतिवेदनको कुनै स्थानमा समावेश गर्न सक्नेछन्, यदी अन्य विषयका अनुच्छेदको विषयवस्तुहरु अन्य रिपोटिङ उत्तरदायित्वहरुको दफासँग सान्दर्भिक छन् भने (सन्दर्भःअनुच्छेद क५-क११)

## कार्यसंचालनको अभिभारा पाएकासँगको कुराकानी

९. यदी लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा थप विषय वा अन्य विषय अनुच्छेदलाई समावेश गर्ने चाहना राखेमा लेखापरीक्षकले त्यस्ता चाहना र अनुच्छेदहरुको प्रस्तावित शब्दको सन्दर्भमा कार्यसंचालनको अभिभारा पाएकासँग छलफल गर्नेछन् ।(सन्दर्भः अनुच्छेद क१२)

***

## लेखापरीक्षकको प्रतिवेदनमा अन्य व्याख्यात्मक तथ्य जोडिएका विषय अनुच्छेदहरु र यसको प्रयोग

*जोडिएका विषय अनुच्छेदहरु अवश्यक हुनसक्ने परिस्थितिहरु (सन्दर्भःअनुच्छेद ६)*

क१. लेखापरीक्षकले विषय अनुच्छेदहरुको जोड दिनुपर्ने भनी आवश्यक ठानेका परिस्थितिहरुको उदाहरण निम्न छन् :

- अपवादमा आएका मुद्दा मामिला वा नियमनको कार्यबाट भविश्यमा आउन सक्ने परिणामसँग सम्बन्धित अनिश्चियता ।
- नयाँ लेखामानहरुको चाँडो प्रयोग(जहाँ अनुमती छ)(जस्तै : नयाँ नेपाल लेखामान/नेपला वित्तीय प्रतिवेदनको आधारशिला जसको लागू हुने मिति भन्दा पहिला नै वित्तीय विवरणहरुमा व्यापक प्रभाव हुन्छ ।
- निकायको वित्तीय अवस्थामा मुख्य क्षती वा घाटा (Catastrophe) हुनु वा निरन्तर रुपमा यसो हुनु वा महत्वपूर्ण असर हुनु ।

क२. जोडिने थप विषय अनुच्छेदहरुको धेरै प्रयोग गर्नाले लेखापरीक्षकको त्यस्ता विषयमाथिको छलफलको प्रभावकारीतालाई घटाउँछ । यसको

साथमा, वित्तीय विवरणहरुमा प्रस्तुत भएका वा खुलासा भएका विषय भन्दा पनि जोड दिने थप विषय अनुच्छेदहरुमा धेरै सूचनाहरु समावेश गर्ने विषयहरु उपयुक्त रुपमा प्रस्तुत वा खुलासा नभएको कुराको संकेत गर्दछ । यस अनुसार अनुच्छेद ६ ले वित्तीय विवरणहरुमा प्रस्तुत वा खुलासा गरिएको जोड दिने विषयहरुको साथमा लेखापरिक्षकको प्रतिवेदनमा यसका प्रयोगको सीमा समेत तोकेको छ ।

*लेखापरिक्षकको प्रतिवेदनमा जोडदिएको विषय अनुच्छेदको समावेश(सन्दर्भ अनुच्छेद ७)*

क३. लेखापरीक्षकको प्रतिवेदनमा समावेश भएको जोडदिएको थप विषय अनुच्छेदले लेखापरीक्षकको रायमा भने कुनै असर पार्दैन । जोड दिएको समाग्री अनुच्छेदहरु निम्न विषयका प्रतिस्थापक पनि छैनन् :

(क) लेखापरीक्षकले व्यक्त गर्ने कैफियत सहितको राय वा विपरीत राय (Adverse Opinion) राय व्यक्त नगरेको (Disclaiming an Opinion) नलिने कुराहरु जुन विशेष लेखापरीक्षण सहभागीताको परिस्थितिको रुपमा आवश्यक हुन्छ । (हेर्नुस ने.ले.प.मा. ७०५) वा

(ख) वित्तीय विवरणहरुमा गर्नु पर्ने खुलासा गर्नकोलागि उपयुक्त वित्तीय प्रतिवेदन आधारशिलाले आवश्यकताको रुपमा स्वीकारेको हुन्छ ।

क४. अनुसूची ३ मा भएको प्रतिवेदनको उदाहरणले कैफियत सहितको (Qualified) राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदनमा जोडि दिएका विषयहरु समावेश गरेको छ ।

**लेखापरीक्षकको प्रतिवेदनमा अन्य विषयहरुको अनुच्छेद (सन्दर्भ अनुच्छेद ८)**

*अन्य विषय अनुच्छेदहरु आवश्यक हुनसक्ने परिस्थितिहरु*

प्रयोगकर्तालाई लेखापरीक्षण बुझ्नको लागि सान्दर्भिक हुने

क५. केही परिस्थितिमा लेखापरीक्षक निकायको अनुवन्ध (Engagement) बाट प्राप्त सूचनाहरु प्राप्त गर्न असमर्थ हुन्छन् । यद्यपी,

व्यवस्थापनद्वारा लगाइएको लेखापरीक्षणको क्षेत्र सिमित भएको कारणले पर्याप्त लेखापरीक्षण प्रमाणहरु प्राप्त गर्न असमर्थ हुँदाको सम्भावित असर व्यापक हुँदा लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा अन्य विषय अनुच्छेदहरु किन लेखापरीक्षकले सहभागीताबाट त्यस्ता सूचना प्राप्त गर्न असफल भए भनी व्याख्या गर्न आवश्यक छ भन्ने विषयमा विचार गर्न सक्नेछन् ।

प्रयोगकर्तालाई लेखापरीक्षकको उत्तरदायित्व वा लेखापरिक्षकको प्रतिवेदन बुझ्न आवश्यक हुने विषय

क६. कानून, नियम वा क्षेत्राधिकार सम्वन्धि सामान्य रुपमा स्वीकार गरिएको व्यवहारहरुले लेखापरीक्षकले विषयहरुको वर्णन गर्ने आवश्यकता वा अनुमती दिन सक्नेछन् जसले वित्तीय विवरणहरुमा लेखापरीक्षण सम्वन्धि उत्तरदायित्वको वा त्यसमा रहेको लेखापरीक्षकको प्रतिवेदनको थप वर्णन गर्दछ । सान्दर्भिक भए अनुसार एक वा धेरै उपशिर्षकहरु प्रयोग गर्न सकिन्छ, जुन अन्य विषय अनुच्छेदको विषयवस्तुको व्याख्या गर्न प्रयोग गरिन्छ ।

क७. अन्य विषय अनुच्छेदले त्यस्ता परिस्थितिहरुको बारेमा समावेश गर्दैन, जहाँ लेखापरीक्षकको अन्य प्रतिवेदन तयार पार्ने उत्तरदायित्व हुन्छन् । जुन लेखापरीक्षणमान अनुसार वित्तीय प्रस्तुतीकरणहरुमा प्रतिवेदन गर्नुपर्ने लेखापरीक्षकको अतिरिक्त उत्तरदायित्व रहन्छन् (हेर्नुस : "अन्य प्रतिवेदन उत्तरदायीत्वहरु" सम्वन्धी नेपाल लेखापरीक्षणमान ७०० को दफामा) वा जहाँ लेखापरीक्षक समक्ष अतिरिक्त विशेष प्रक्रीयाहरु संचालन गर्न वा प्रतिवेदन गर्न अनुरोध गरिएको हुन्छ वा विशेष विषयमा राय प्रस्तुत गर्न अनुरोध हुन्छ ।

वित्तीय विवरणहरुको एकभन्दा धेरै समूहमा प्रतिवेदन तयार पार्नु

क८. निकायले वित्तीय विवरणहरुको एक सेट (Set) सामान्य उद्देश्यको आधारशिला अनुसार तयार पार्न सक्छ । (उदाहरणको लागि, प्रभावकारी सम्बद्ध ऐन नियम तथा नियमनकारी निकायको निर्देशन तथा नियमहरुले) र भिन्न अर्के समूह (Set) को वित्तीय विवरणहरु अर्के

सामान्य उद्देश्यको आधारशिला (General Purpose Framework) अनुसार तयार पार्न सक्छन् । (उदाहरणको लागि नेपाल लेखामान/नेपाल वित्तीय विवरणको आधार) र दुवै समूहको वित्तीय विवरणको प्रतिवेदनमा लेखापरीक्षकलाई समावेश गर्नेछन् । यदी लेखापरिक्षकले उक्त आधारशिला परिस्थिति अनुसार उपयुक्त छ भनी निर्णय गरेमा, लेखापरिक्षकले अन्य विषय अनुच्छेदहरुलाई लेखापरीक्षकको प्रतिवेदनमा समावेश गर्ने छन् । जसमा अर्को वित्तीय विवरणको सेट (Set) समेत उही निकायले अर्को सामान्य उद्देश्यको आधारशिला अनुसार तयार पारेको तथ्य र त्यस्ता वित्तीय विवरणहरुमा लेखापरीक्षकले जारी गरेको प्रतिवेदनको समेत उल्लेख गर्नुपर्छ ।

लेखापरीक्षकको प्रतिवेदनमा समावेस वा वितरण (Distribution) मा उल्लेख गर्न निषेध

क९. विशेष उद्देश्यकोलागि तयार पारिएको वित्तीय विवरणहरु सो उद्देश्यको आधारशिला अनुसार तयार पार्न सकिन्छ किनकी त्यस्ता बिषेश उद्देश्यका वित्तीय विवरणहरुले वित्तीय सूचनाको आवश्यकताहरुको परिपूर्ति गर्दछन् भन्ने कुराको लक्षित प्रयोगकर्ताले विश्वास राखेका हुन्छन् । जहिलेदेखि लेखापरीक्षकको प्रतिवेदन खास प्रयोगकर्तालाई लक्षित गरिन्छ, तव लेखापरीक्षकले अन्य विषय अनुच्छेदहरु समावेश गर्नुपर्ने परिस्थितिहरुको आवश्यकतामा ध्यान दिन सक्छन्, जसमा लेखापरीक्षकको प्रतिवेदन नितान्त प्रयोगकर्तालाई लक्षित गरिएको र अन्य पक्षहरुले प्रयोग गर्न वा वितरण गर्नु हुँदैन भन्ने कुरा स्पष्ट रुपमा उल्लेख गर्नुपर्छ ।

*लेखापरीक्षकको प्रतिवेदनमा अन्य विषय अनुच्छेदको समावेश*

क१०. अन्य समाग्री अनुच्छेदको विषयवस्तुले स्पष्ट रुपमा त्यस्ता अन्य विषयहरु वित्तीय विवरणहरुमा राख्न वा खुलासा गर्न आवश्यक नभएको कुराको परिवर्तन गर्दछ । अन्य विषय अनुच्छेदले लेखापरीक्षकहरुलाई कानून, नियम वा अन्य पेशागत मानहरु (Professional Standards) ले निषेध गरेको सूचनाहरु भने सामावेश गर्दैन, उदाहरणको लागि सूचनाको गोप्यता सम्वन्धी आचारसंहिताको मानहरु, अन्य विषय

अनुच्छेदले व्यवस्थापनद्वारा उपलब्ध गराउन आवश्यक रहेको सूचनाहरु भने समावेश गर्दैन ।

क११. अन्य समाग्री अनुच्छेदको स्थानाकरण भने छलफल गरीने सूचनाहरुको प्रकृतिमा भरपर्दछ । जव अन्य समाग्री अनुच्छेदले वित्तीय विवरणहरुको लेखापरीक्षण बुझ्नकोलागि सम्बन्धीत विषयहरुमा प्रयोगकर्ताको ध्यान केन्द्रीत गराउने कुरा समावेश गरिन्छ, तव अनुच्छेदहरु राय अनुच्छेद ८ का विषयवस्तु कुनै पनि जोड दिने विषय अनुच्छेदको स्थानको तुरुन्त पछाडि राख्नु पर्छ । अन्य विषय अनुच्छेद लेखापरिक्षकको प्रतिवेदनमा सम्वोधन भएका अन्य प्रतिवेदन उत्तरदायित्वहरु सम्वन्धि प्रयोगकर्ताको ध्यान आकर्षण गरीन्छ भने त्यस्तो अनुच्छेदहरुको दफाहरुमा उपशिर्षकहरु जस्तै "अन्य कानूनी तथा नियमनको आवश्यकताको प्रतिवेदन जस्ता शिर्षकहरुको साथमा समावेश गर्न सकिन्छ । विकल्पमा सम्पूर्ण लेखापरीक्षकको उत्तरदायित्व प्रयोगकर्ताले लेखापरीक्षकको प्रतिवेदन बुझ्नको लागि सान्दर्भिक हुने सामग्री समावेश गर्नु समेत पर्दछ, यस्तो अवस्थामा अन्य विषय अनुच्छेद छुट्टै दफाको रुपमा समावेश गर्न सकिन्छ । जसक लागि विभिन्न विवरणहरुको प्रतिवेदन र अन्य कानूनी र नियमनहरुको आवश्यक प्रतिवेदन आधारशिला अनुसार हुनुपर्छ ।

**कार्यसंचालनको अभिभारा पाएकाहरुसँगको छलफल** (सन्दर्भः अनच्छेद ९)

क१२. कार्यसंचालनको अभिभारा प्राप्त गरेकाहरुसँगको कुराकानीले उनीहरुलाई लेखापरीक्षकको प्रतिवेदनमा लेखापरीक्षकले देखाउन चाहेका विशेष विषयको प्रकृतिको बारेमा सचेत तथा सूचीत हुन मद्दत गर्दछ र उनीहरुलाई आवश्यकता अनुसार लेखापरीक्षकबाट थप स्पष्ट हुने मौका समेत प्रदान गर्दछ ।

लेखापरीक्षकको प्रतिवेदनमा विशेष कुराहरु विषय (Particular Matter) को रुपमा जव अन्य कुराहरु अनुच्छेदमा समावेश हुने कुरा हरेक पछिल्ला सहभागीतामा दोहोरिन्छ, तव लेखापरिक्षकले हरेक सहभागीतामा त्यस्तो विषय दोहोऱ्याउनु अनावश्यक हुन्छ भनी निर्णय गर्नसक्छन् ।

**अनुसूची-१**

**(सन्दर्भ अनुच्छेद-२)**

## विषय अनुच्छेदहरुमा जोडिदिनका लागि आवश्यकता सर्तहरु समावेश गर्ने नेपाल लेखापरीक्षणको सूची

- यस अनुसूचीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट कार्यान्वयनको लागि जारी मिति देखि वा यसपछिका समायावधीमा शुरुवात हुने वित्तीय विवरणहरुको लेखापरीक्षणकोलागि लागू हुने अन्य लेखापरीक्षणमानको अनुच्छेदहरुको पहीचान गरेको छ, जसमा विशेष परिस्थितिहरुको लेखापरीक्षणको प्रतिवेदनमा लेखापरीक्षकले विषय अनुच्छेदमा जोड्दिनुपर्ने कुराहरु समावेश गर्दछ । यो सूचीले आधारभूत आवश्यकताहरुको र सम्वन्धीत कार्यान्वयन र अन्य लेखापरीक्षणमानका व्याख्यात्मक विषयहरुको भने प्रतिस्थापन गर्दैन ।

- ने.ले.प.मा. २०१ "लेखापरीक्षण सहभागीता सम्वन्धि शर्तको सम्झौता"- अनुच्छेद१९(ख) ।

- ने.ले.प.मा. ५६० "एकपछि अर्को रुपमा आउने घटनाहरु" अनुच्छेद १२(ख) र १६ ।

- ने.ले.प.मा. ५७० "अविछिन्नता" अनुच्छेद १९ ।

- ने.ले.प.मा.८०० "विशेष सुझवुझ-विशेष उद्देश्यको आधारशिला अनुसार तयार पारिएको वित्तीय विवरणहरुको लेखापरीक्षण" अनुच्छेद-१४ ।

**अनुसूची-२**

**(सन्दर्भः अनुच्छेद-२)**

## अन्य विषय अनुच्छेदको आवश्यकताहरु समावेश गर्ने नेपाल लेखापरीक्षणमानहरुको सूची

- यस अनुसूचीले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट कार्यान्वयनको लागि जारी मिति देखि वा यसपछिका समयावधीमा शुरुवात हुने वित्तीय विवरणहरुको लेखापरीक्षणको लाीग लागू हुने नेपाल लेखापरीक्षणको अनुच्छेदहरुको पहीचान गरेको छ, जसमा विशेष परिस्थितिमा लेखापरीक्षकको प्रतिवेदनमा समावेश गर्नुपर्ने अन्य विषय अनुच्छेदहरुमा जोडिदिनु पर्ने कुराहरु सामावेश छ । यो सूचीले आधारभुत आवश्यकताहरुको कार्यान्वयन र अन्य लेखामानपरिक्षणको व्याख्यात्मक विषयलाई भने प्रतिस्थापीत गर्दैन ।

- ने.ले.प.मा. ५६० "एकपछि अर्को रुपमा आउने घटनाहरु" अनुच्छेद १२( ख) र १६

- ने.ले.प.मा. ७१० "तुलनात्मक सूचनाहरु-संगती आँकडाहरु र तुलनात्मक वित्तीय विवरणहरु" अनुच्छेदहरु १३-१४, १६-१७ र १९ ।

- ने.ले.प.मा. ७२० "लेखापरीक्षण भएको वित्तीय विवरण समावेश गर्ने अभिलेखमा अन्य सूचनाको सम्वन्धमा लेखापरीक्षकको उत्तरदायीत्व" अुनच्छेद १०(क)

**अनुसूची-३**

**(श्रोत : अनुच्छेद क ४)**

**विषय अनुच्छेदहरुलाई जोडदिने विषयवस्तु समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदनको उदाहरण :**

- **परिस्थितिहरुले निम्न विषयवस्तुहरु समावेश गर्दछ ।**
- **नेपाल वित्तीय प्रतिवेदन आधारशिला अनुसार निकायको व्यवस्थापनद्वारा तयार पारेको सामान्य उद्देश्यका वित्तीय प्रतिवेदनको पूर्ण समूह (Set) को लेखापरीक्षण ।**
- **लेखापरीक्षण अनुवन्ध (Engagment) को शर्तले लेखापरीक्षणमान २१० मा वित्तीय विवरणहरुको लागि व्यवस्थापनको उत्तरदायित्व विवरण प्रतिविम्वीत गर्दछ ।**
- **फर्छ्यौट (Pending) नभएका अपवादका मुद्दामामिलाको विषयवस्तुहरुसँग सम्वन्धित अनिश्चितता हुन्छ ।**
- **उपयुक्त वित्तीय प्रतिवेदन आधारशिलाबाट वहिर्गमन भएमा कैफियत सहितको रायको परिणाम भएको हुन्छ ।**
- **वित्तीय विवरणको लेखापरीक्षणको अतिरिक्त लेखापरीक्षकलाई अन्य स्थानीय कानून अनुसारका उत्तरदायित्व समेत हुन्छ ।**

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**(ठेगाना पाउने) (Addrersee)**

## वित्तीय विवरण उपर प्रतिवेदन

हामीले कखग लिमिटेडको यसै साथ संलग्न वित्तीय विवरणहरुको लेखापरीक्षण गरेको छौं जसमा २०......आषाढ ..... गतेको वासलात र सोही मितिमा समाप्त बर्षको आय विवरण, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण तथा महत्वपूर्ण लेखाङ्कन नीतिहरु र अन्य ब्याख्यात्मक टिप्पणीहरु समावेश रहेका छन् ।

*वित्तीय विवरणकहरुकोलागि व्यवस्थापनको उत्तरदायित्व/जिम्मेवारी*

नेपाल लेखामान अनुसार यथार्थ र उचित चित्रण गर्ने उल्लेखित वित्तीय विवरणहरु तयार गर्ने तथा तिनको सहि प्रस्तुतिकरण गर्ने उत्तरदायित्व ( जिम्मेवारी) कम्पनीको व्यवस्थापनमा रहेको छ । यी दायित्व (जिम्मेवारी) अन्तर्गतः जालसाजी वा त्रुटीबाट हुन सक्ने सारयुक्त रुपमा त्रुटीरहित (Free from Material Misstatement) वित्तीय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा (बनावट), कार्यान्वयन र कायम (संचालन) गर्ने, उपयुक्त लेखानीतिको छनौट एवं प्रयोग तथा परिस्थिति अनुरुप उचित लेखा अनुमान गर्नु पनि समावेश हुन्छन् ।

*लेखापरिक्षकको उत्तरदायित्व/जिम्मेवारी*

लेखापरीक्षणको आधारमा उल्लेखित वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो उत्तरदायित्व (जिम्मेवारी) हो । हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । सो लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरु सारयुक्त रुपमा त्रुटीपूर्ण प्रस्तुति रहित छ भन्ने कुरामा उचित रुपमा आश्वस्त हुनको लागि लेखापरीक्षण गर्दा नैतिक आवश्यकता (Ethical Requirement) को परिपालना तथा लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलस्त गरिएका कुराहरुको लेखापरीक्षणका प्रमाण प्राप्ति गर्ने कार्यविधिहरु सम्पादन गर्नु पर्दछ । यसरी छनौट गरिएका कार्यविधिहरु लेखापरीक्षकको व्यवसायिक विवेक तथा वित्तीय विवरणहरु सारयुक्त रुपमा जालसाजी वा त्रुटीबाट हुनसक्ने त्रुटीपूर्ण प्रस्तुतिको जोखिम मूल्याङ्कनमा निर्भर हुन्छ । उक्त जोखिम मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीतामाथि राय व्यक्त गर्ने उद्धेश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सहि प्रस्तुतिकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखानीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टीगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

*कैफियत सहितको रायको लागि आधारहरु*

कम्पनीको अल्पकालिन बजारयोग्य धितोपत्र सम्बन्धी (Securities) वित्तीय संस्थाको विवरणहरुमा संलग्न गरिएको छ । व्यवस्थापनले त्यस्तो धितोपत्र जटील रुपमा राखेको छैन तर यसको सट्टामा मूल्यका रुपमा भने उल्लेख गरेको छ, जसले गर्दा यिनीहरु नेपाल वित्तीय प्रतिवेदन आधारशिला अनुसार वहीर्गमन भएको छ । कम्पनीको अभिलेखले व्यवस्थापनले बजार योग्य धितोपत्रहरुको बजारमा प्रस्तुत गरेको कुरा संकेत गर्दछ र कम्पनीले पूरा वर्षको समग्र आम्दानीको विवरणहरुमा नसोधिएको घाटाको पहिचान समेत गरेको छ । वित्तीय अवस्थाको विवरणहरुमा सेक्यूरीटिजहरुले (धितोपत्रहरु) बोकेको रकम १६, पौष २०५८ मा सोही उस्तै रकमबाट घटाएको छ र आम्दानी कर, खुद आम्दानी र शेयर होल्डरको इक्वीटि (Equity) छुट्टाछुट्टै रुपमा घटाउन सकिन्थ्यो ।

*उपयुक्त रायः*

हाम्रो रायमा, **कैफियत सहितको** रायको आधारमा उल्लेख गरिएको विषयहरुमाथी प्रभावहरु वाहेक, वित्तीय विवरणहरु निष्पक्ष रुपमा तयार गरिएको छ, सम्पूर्ण आँकडाहरुको सम्वन्धमा (वा सत्य र निस्पक्ष विचार दिंदा) क ख ग कम्पनीको वित्तीय अवस्था १६, पौष २०५८ को समयावधीको रुपमा र त्यसको वित्तीय संचालन तथा यसको नगदको परिचालन तत्कालिन वर्षकोलागि विवरणहरु नेपाल वित्तीय प्रतिवेदन आधारशिला अनुसार प्रस्तुत गरिएको देखिन्छ ।

*थप विषयहरु*

हामी वित्तीय विवरणहरुको टिप्पणीहरुमा ध्यानाकर्षण गर्न चाहान्छौ जसले कम्पनीले यस कम्पनी विरुद्ध दिएको मुद्दा मामिला परिणामसँग सम्वन्धित अनिश्चितताको व्याख्या गरेको छ ।

## अन्य कानूनी र नियमन पूर्व आवश्यकको प्रतिवेदन

(लेखापरीक्षकको प्रतिवेदनको प्रकरण र विषयवस्तु लेखापरीक्षकको अन्य विवरण संकलन उत्तरदायित्वको प्रकृतीमा भर पर्नेछ ।)

(लेखापरीक्षको हस्ताक्षर)

(लेखापरीक्षकको प्रतिवेदनको मिति)

(लेखापरीक्षको ठेगाना)